
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १२५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ ७ गते शनिबार ❑ 21 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## नयाँ जनप्रतिनिधिको शपथसँगै पालिकाको निर्वाचन कार्यक्रम सुरु

**रासस**
**काठमाडौं, ६ जेठ**

मतगणनाको अन्तिम मत परिणाम घोषणा भएका स्थानीय तहमा नयाँ जनप्रतिनिधिको शपथ र कार्यपालिकाका निर्वाचनका कार्यक्रम सुरु भएका छन् ।

निर्वाचित जनप्रतिनिधिमध्ये गाउँपालिकाको अध्यक्ष, नगरपालिकाको प्रमुख र जिल्ला समन्वय समितिको प्रमुखले आफ्नो कार्यभार सम्हाल्नुअगावै निर्वाचित भएको सात दिनभित्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको ढाँचामा सम्बन्धित जिल्ला न्यायाधीशसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने तथा गाउँपालिकाको उपाध्यक्ष, नगरपालिकाको उपप्रमुख, वडाध्यक्ष, गाउँ तथा नगरसभाका सदस्य र जिल्ला समन्वय समितिका उपप्रमुख तथा सदस्यले अध्यक्ष वा प्रमुखले शपथ लिएको सात दिनभित्र तोकिएको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ ।

नेपालको संविधानको धारा २१४ स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ र नगर कार्यपालिकामा निहित रहेको छ । संविधानको धारा २१५ उपधारा (४) मा गाउँसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र गाउँसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका चार महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेका दुई सदस्य हुने व्यवस्था र धारा २१६ को उपधारा (४) बमोजिम नगरसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको पन्ध्र दिनभित्र नगर सभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका दलित वा अल्पसङ्ख्यक समुदायबाट नगरसभाले निर्वाचित गरेका तीन सदस्यसमेत नगर कार्यपालिकाको सदस्य हुने व्यवस्था छ । नयाँ निर्वाचनसँगै कार्यपालिकाका पदाधिकारीको पनि कार्यकाल स्वतः समाप्त भएको छ । यही जेठ ५ गतेलाई स्थानीय तहका जनप्रतिनिधिको पदमा बहाल रहने अन्तिम मिति मानेर सो मितिसम्ममा मतगणना सम्पन्न गर्ने लक्ष्यसहित गत वैशाख ३० मा सम्पन्न भएको मतदानको गणना कार्य करिब ८५ प्रतिशत तहमा सकिएको छ । निर्वाचन आयोगका सम्बन्धित निर्वाचन अधिकृतलाई यसअघि नै आवश्यक निर्देशन प्रदान गरेकामा विभिन्न कारणले मतगणना कार्य सम्पन्न हुन नसकेका तहमा जेठ १० गतेसम्म गणना कार्य सम्पन्न हुने विश्वास लिइएको छ ।

## पोखरामा एकीकृत समाजवादीका आचार्य तीन हजार ४४२ मतले अगाडि

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ जेठ**

स्थानीय तह सदस्य निर्वाचन-२०७९ अन्तर्गत देशकै सबैभन्दा ठूलो पोखरा महानगरपालिकामा जारी मतगणनामा सत्ता गठबन्धनबाट नेकपा (एकीकृत समाजवादी)का प्रमुखका उम्मेदवार धनराज आचार्यले अग्रता कायमै राख्नुभएको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट शुक्रबार साँझ ७:३० बजे ७२ हजार ९१८ मत गणनाको घोषित परिणामअनुसार प्रमुखका उम्मेदवार आचार्य तीन हजार ४४२ मतान्तरले अघि हुनुहुन्छ । आचार्यले २९ हजार ८०७ मत प्राप्त गर्दा उहाँका प्रत्याशी कृष्णबहादुर थापाले २६ हजार ३६५ मतसहित पछ्याइरहनुभएको छ ।

यसैगरी उपप्रमुखमा पनि गठबन्धनबाट नेपाली काङ्ग्रेसका उम्मेदवार कोपिला रानाभाट अघि हुनुहुन्छ । रानाभाटले ३० हजार २६० मत प्राप्त गर्दा नेकपा एमालेका मञ्जुदेवी गुरुङको ३० हजार १७६ मत ल्याउनुभएको छ । पोखरा महानगरका ३३ वडामध्ये हालसम्म १८ वटा वडाको अन्तिम मत परिणाम सार्वजनिक भएको छ ।

तीमध्ये नेपाली काङ्ग्रेसले १३ वडामा जीत हासिल गरेको छ भने एमालेले पाँच वडा जितेको छ । नेपाली काङ्ग्रेसले वडा नं २, ३, ४, ७, ९, १२, १३, १४, २३, २४ ,२५, २६ र २७ नं वडा जितेको छ । नेकपा (एमाले)ले वडा नं १, ५, ६, ८ र वडा नं २० मा विजयी भएको छ । पोखरामा एक लाख ४३ हजार २२६ मत खसेको थियो ।

## हावाहुरीका कारण तीनको मृत्यु

**रासस**
**चितवन, ६ जेठ**

जिल्लामा साँझ पख आएको हावाहुरीका कारण अटोरिक्सामा सवार तीनको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

फरकफरक ठाउँमा भएको दुर्घटनामा परी तीनको मृत्यु भएको हो । भरतपुरबाट भोजाडतर्फ जाँदै गरेको अटोरिक्सामा सवार दुईको भोजाडमा मृत्यु भएको हो भने भरतपुरबाटै भोजाडतर्फ जाँदै गरेको अर्को अटोमा सवार एकको बर्सेनीमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ । कार्यालयका सूचना अधिकारी नरहरि अधिकारीका अनुसार अटोमा सवार एक जना घाइते भएका छन् । रुख ढल्दा अटोमा लागि दुर्घटना भएको उहाँले बताउनुभयो ।

घाइतेको उद्धार गरी उपचारका लागि अस्पताल ल्याइएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार हावाहुरीका कारण जिल्लाको विभिन्न स्थानमा रुखहरू ढल्ने र पोलहरू ढल्ने गरेका कारणभित्री तथा राजमार्गका सडक अवरुद्ध भएका छन् । घटनाको विस्तृत विवरण आउन बाँकी रहेको उहाँले बताउनुभयो ।

## सत्ता गठबन्धन दुई तिहाइ बढी पालिकामा र एमाले १७५ मा निर्वाचित

**रासस**
**काठमाडौं, ६ जेठ**

स्थानीय तह सदस्य निर्वाचनमा सत्ता गठबन्धन आबद्ध दल दुई तिहाइ बढी पालिकामा विजयी भएका छन् । शुक्रबार मध्याह्न १२ बजेसम्म मतगणना सकिएका ६३५ मध्ये ४२८ पालिकामा गठबन्धन आबद्ध दलका उम्मेदवार विजयी भएका छन् ।

सरकारको नेतृत्व गरेको नेपाली काङ्ग्रेस १८३ पालिकामा विजयी भएको छ । निर्वाचन आयोगका अनुसार काङ्ग्रेसले १०२ नगरपालिकाको प्रमुख र १८० गाउँपालिकाको अध्यक्ष जितेको छ । गठबन्धन आबद्ध नेकपा (माओवादी केन्द्र) २० नगरपालिका र ९२ गाउँपालिका गरी ११२ पालिकामा विजयी भएको छ । यस्तै जनता समाजवादी पार्टी नेपाल २० र नेकपा (एकीकृत समाजवादी) १४ पालिकामा विजयी भएको छ। स्थानीय निर्वाचनमा गठबन्धन आबद्ध काङ्ग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र जनता समाजवादी पार्टी नेपालले छ महानगर, ११ उपमहानगरसहित केही पालिकामा गठबन्धन गरेका थिए । अधिकांश पालिकामा गठबन्धनका दलले मित्रवत प्रतिस्पर्धा गरेका थिए । गणना बाँकी रहेका पालिकामा पनि गठबन्धन आबद्ध दलले अग्रता लिइरहेका छन् ।

अघिल्लो स्थानीय तह निर्वाचनमा पहिलो दल बनेको नेकपा (एमाले) दोस्रोमा झरेको छ । एमालेले ६० नगरपालिका र ११५ गाउँपालिका गरी १७५ स्थानमा मात्र विजयी भएको छ । अघिल्लो निर्वाचनमा एमालेले २९४ पालिकामा जीत हासिल गरेको थियो । एमालेले राप्रपा, लोकतान्त्रिक समाजवादीलगायत विभिन्न पार्टीसँग गठबन्धन गरेको थियो ।

यसैगरी काङ्ग्रेसले ७७ नगरपालिकाको उपप्रमुख र १८० गाउँपालिकाको उपाध्यक्ष जितेको छ । एमाले ७९ उपप्रमुख र ११७ उपाध्यक्ष, माओवादी केन्द्र २८ उपप्रमुख र ९१ उपाध्यक्ष, जनता समाजवादी पार्टी नेपाल १४ उपाध्यक्ष र एकीकृत समाजवादी आठ स्थानीय तहको उपप्रमुखमा विजयी भएको छ ।

काङ्ग्रेसले सबैभन्दा बढी वडाध्यक्षमा जीत हासिल गरेको छ । हालसम्म काङ्ग्रेस दुई हजार ३९२, एमाले एक हजार ९०७, माओवादी केन्द्र ९८९, जनता समाजवादी पार्टी २३८ र एकीकृत समाजवादी पार्टी १०० बढी वडामा विजयी भएका आयोगले जनाएको छ ।

## सार्वजनिक भिडियोप्रति गृहको गम्भीर ध्यानाकर्षण

**रासस**
**काठमाडौं, ६ जेठ**

केही दिनदेखि विभिन्न सामाजिक सञ्जालमा महिला हिंसा भएको भनी प्रकाशित भिडियोबारे गृह मन्त्रालयले ध्यानाकर्षण भएको जनाएको छ ।

उक्त भिडियोबारे अनुसन्धान गरी आवश्यक कारबाही गर्न गृहमन्त्री बालकृष्ण खाणको निर्देशनमा प्रहरी प्रधान कार्यालयले पाँच सदस्यीय समिति गठन गरेको छ ।

प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरको नेतृत्वको बनेको समितिमा समितिमा प्रहरी उपरीक्षक कृष्ण कोइराला, प्रहरी नायब उपरीक्षक कोपिला चुडाल, प्रहरी नायब उपरीक्षक हरि बस्नेत र प्रहरी निरीक्षक सपना खड्का रहनुभएको छ ।

समितिले शुक्रबारदेखि नै काम सुरु गरेको गृह मन्त्रालयले जनाएको छ ।

## बागलुङका ८५ वडामा कांग्रेस ३७, माओवादी १७ र एमाले १६ मा विजयी

**पोखरापत्र संवाददाता**
**बागलुङ, ६ जेठ**

स्थानीय तह निर्वाचन २०७९ को अन्तिम मतपरिणाम सार्वजनिक हुँदा बागलुङमा नेपाली काङ्ग्रेस छ स्थानीय तहमा जीत हासिल गरेर पहिलो शक्ति बनेको छ ।

जिल्लाको बागलुङ र गलकोट नगरपालिका, काठेखोला, बडीगाड, तमानखोला र निसीखोला गाउँपालिका काङ्ग्रेसले जितेको हो । त्यस्तै राष्ट्रिय जनमोर्चाले दुई वटा स्थानीय तहको प्रमुख जितेको छ । जैमिनी नगरपालिका र बरेङ गाउँपालिका सो पार्टीले विजय हासिल गरेको हो । यसैगरी नेकपा (माओवादी केन्द्र)ले ताराखोला गाउँपालिका र ढोरपाटन नगरपालिको जितेको छ । यसअघिको स्थानीय तहको निर्वाचनमा जिल्लाका चार स्थानीय तहको प्रमुख र दुई वटा स्थानीय तहमा एमालेले उपप्रमुख जितेको थियो । जिल्लामा रहेका १० स्थानीय तहमध्ये छ स्थानीय तहमा नेपाली काङ्ग्रेसले प्रमुख पदमा जीत हासिल गरेको छ । यसअघि चार स्थानीय तहमा मात्रै काङ्ग्रेसले प्रमुख पद पाएको थियो । बागलुङमा वसन्तकुमार श्रेष्ठ, काठेखोलामा राजु थापा, गलकोटमा भरत शर्मा गैरे, बडीगाडमा गण्डकी थापा अधिकारी, तमानखोलामा जोकलाल बुढा र निसीखोलामा सूर्यबहादुर घर्ती काङ्ग्रेसले पाएका प्रमुख हुन् । यसअघि जैमिनी, गलकोट, निसीखोला र तमानखोला गाउँपालिकामा काङ्ग्रेसले प्रमुख पदमा नेतृत्व गरेको थियो । अघिल्लो पटकको स्थानीय तहमा प्रमुख र उपप्रमुखमध्ये आठ स्थानमा मात्रै जितेको काङ्ग्रेसले यसपटक ११ स्थानमा जीत हासिल गरेको छ। ताराखोला, तमानखोला र बरेङ गाउँपालिका , जैमिनी र ढोरपाटन नगरपालिकामा काङ्ग्रेसले उपप्रमुखमा जितेको छ ।

जैमिनीमा पार्टी सचिव हरिहर शर्मा उपप्रमुख हुँदा ढोरपाटनमा धनबहादुर कायतले उपप्रमुखमा जीत हासिल गर्नुभएको छ । तमानखोलामा काङ्ग्रेसका हीराकुमारी छन्त्याल उपाध्यक्षमा निर्वाचित हुनुभयो भने बरेङमा दिलीपकुमार पुन र ताराखोलामा भीमबहादुर रोकाले जीत हासिल गर्नुभयो। जैमिनीको प्रमुख जितेको राजमोले बरेङ गाउँपालिकामा अध्यक्ष र काठेला तथा बडीगाड गाउँपालिकामा उपाध्यक्ष जितेको छ । जैमिनीमा नरबहादुर पुन र बरेङमा कृष्णप्रसाद शर्मा अध्यक्षमा निर्वाचित हुनुभयो । राजमोबाट काठेखोलामा तिलक पुन र बडीगाड गाउँपालिकामा भीमसेन वनले उपाध्यक्ष जित्नुभयो । ताराखोलाको अध्यक्ष जितेको माओवादी केन्द्रले बागलुङको उपप्रमुख, गलकोटको उपप्रमुख र निसीखोला गाउँपालिकाको उपाध्यक्ष जितेको छ। ताराखोलामा धनबहादुर विक हिमालले अध्यक्ष जित्नुभयो भने गलकोट नगरपालिकामा फमलाल न्यूरे र बागलुङ नगरपालिकामा राजु खड्काले उपप्रमुख जित्नुभयो ।

अघिल्लो निर्वाचनमा बागलुङमा प्रमुख र उपप्रमुखमध्ये काङ्ग्रेसले आठ, नेकपा एमालेले छ, राजमोले तीन र माओवादी केन्द्रले दुई सिट र राप्रपाले एक सिट जितेका थिए । एमालेले जितको विरासत जोगाउन नसक्दा गठबन्धनका दलले आफ्ना सिट बढाएका हुन् ।

बागलुङमा सबैभन्दा बढी वडामा नेपाली काङ्ग्रेसले जीत हात पारेको भने कम वडा राष्ट्रिय जनमोर्चाले जितेको छ। काङ्ग्रेसले ३७ वडा जित्दा जनमोर्चाले ११ वडा जितेको छ । एमालेले १६ वडा, माओवादी केन्द्रले १७, एकीकृत समाजवादीले तीन वडा जितेको छ भने स्वतन्त्र उम्मेदवारले एक वडा जितेका छन् ।

## अमेरिकी उपमन्त्री राजधानीमा

**रासस**
**काठमाडौं ६ जेठ**

नागरिक सुरक्षा, प्रजातन्त्र र मानवअधिकार उपमन्त्री तथा तिब्बती मुद्दाका लागि अमेरिकी विशेष संयोजक उज्रा जेया तीनदिने नेपाल भ्रमणका क्रममा शुक्रबार यहाँ आइपुग्नुभएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उपमन्त्री जेयालाई परराष्ट्र मन्त्रालयका अधिकारी र यहाँस्थित अमेरिकी दूतावासका अधिकारीले स्वागत गर्नुभएको थियो । उहाँले शनिबार र आइतबार काठमाडौँमा विशेष भेटवार्ता गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । जेयाले प्रधानमन्त्री शेरबहादुर देउवा, परराष्ट्रमन्त्री डा नारायण खड्का, गृहमन्त्री बालकृष्ण खाण र मुख्य-सचिव शंकरदास वैरागीसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ । उपमन्त्री जेयाको भ्रमणबारेआज परराष्ट्र मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको थियो । जेया नेतृत्वको भ्रमण प्रतिनिधिमण्डलमा अमेरिकी सहयोग नियोग युएसएआइडीकी एसियाका लागि उपसहायक प्रशासक अञ्जली कौर पनि सहभागी हुनुहुन्छ ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरेली ऱ्यापर जेनिस टप आठमा भिड्दै

पोखरापत्र संवाददाता
पोखरा, ६ जेठ




आमाबाबाको काख छाडेर हिडडुल गर्ने र केहि बुझ्ने भएदेखि नै उनी एक्लै गुनगुनाउने । पढ्न बस्यो कि कितावको पाना पल्टाउँदै गितमै पढ्थे । आमाले खाना खान बोलाउनु हुन्छ उता छोरो ऱ्यापैमा उत्तर दिने । खाना पस्कनु आमा, चट्नी के को छ दाल तरकारी मिसाएर एकछिन पछि टन्न खानु छ भन्दै ऱ्यापैमा उत्तर फर्काउने ।

पोखरा-१३ स्थित चिल्ड्रने स्कूलमा पढ्दादेखि वाटोमा पनि गुनगुनाउँदै हिड्ने । घर पुगी आफ्नो कोठा छिर्ने । खाली ऐना हेर्दै ऱ्याप भाकामा गुनगुनाउँदै कोठा भित्रै मात्रै बस्ने । नत छिमेकीले चिन्ने नत आफन्तलाइ चिन्ने । विशेष गरी बाबा, आमा र दाजुलाई मात्र चिन्न जेनिस । तर आज पोखरा १३ मा बस्ने २० वर्षे ठिटो पोखरेलीको गहना रुपी चार लाख जनताको गौरवको नाम हो जेनिस क्षेत्री । अहिले पोखरेली ऱ्यापर आफन्त तथा साथीभाई बीच मात्र लोकप्रिय नभइ स्वदेश तथा विदेशसम्म लोकप्रिय बन्दै गएका छन् जेनिस । उनै जेनिसको राम रुपी दाजु आदेशले सानै देखि ऱ्यापर गित गाउने गर्दथ्ये ।

दाजु आदेशको प्रभावले आज भाई पोखराको हिरा भइ काठमाडौदेखी विदेश सम्म ऱ्यापर जेनिस सवैको मुखारमा टाँसीएका छन् । चारवर्ष अगाडि कोठा भित्र मात्र रमाउने जेनिस युवा टोल सुधार समितिले आयोजना गरेको साँस्कृतिक कार्यक्रममा पहिलो पटक ऱ्यापरको रुपमा देखा परे । सयौ दर्शकलाई बसेको कुर्चीवाट जुरुक्क उठाए । उपस्थिति सबैको हात पुर्व पश्चिम बग्न थाले । वडा १३ वासीलाई पारीजातको फूल सरी बास्ना पस्कन सक्ने सम्भावना जेनिसमा देखिएको युवा टोल सुधार समितिका सचिव सपुत भण्डारीले पोखरापत्रलाई वताए । त्यसैगरी रामवजार र लेखनाथमा भएको साँस्कृतिक कार्यक्रममा पनि स्टेज तताए जेनिसले । तालको नजिकै खाष्टेतालमा पानीको वह सँगै ऱ्यापर गितलाई वगाए उनै जेनिसले । पोखरालाई चिनाउन २० वर्षे ऱ्यापर जेनिस टप ९ मा पुगेर युवालाइ चिनाउन अग्रपंतिमा छन् । नेपहपको श्रीपेच कार्यक्रम अन्तर्गत अहिले टप ९ मा पगेुका हुन् । दश जोड दुई भद्रकाली माविबाट उर्तिण गरेका जेनिस हाल भद्रकाली वहुमुखी क्याम्पसमा विविएस अध्ययनरत छन् । उनै जेनिसको आज १० बजे सम्म टप ८ को लागि भोटिङ चलिरहेको छ । इष्टमित्र, आफन्त, छरछिमेक, वडा नं १३ मा रहेका संघ संस्थाको माया ममतासँगै स्वदेश तथा विदेशवाट सयौं शुभचिन्तकहरुको जेनिसलाई सहयोग जारी छ ।

सहयोगको क्रममा हालै कोन सहकारीका निवर्तमान अध्यक्ष तथा मानार्थ संरक्षक शरदकान्त सिग्देलको पहलमा कोन सहकारी परिवारको तर्फवाट १७ हजार रपैयाँ आर्थिक सहयोगले जेनिसको परिवारलाइ थप उर्जा थपी आकास सरी छाती फराकिलो भएको जेनिसका बाबा पुर्ण जिशीले पोखरापत्रलाइ वताए ।

# पोखरामा आकस्मिक रक्तदान, ८३ युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, ६ जेठ



स्थानीय निकायको चुनावले पोखरामा नियमित रक्तदान नभएपछि रगत अभाव हुदै गर्दा विहीबार रेडियो सराङ्गकोट, सृजना विकास केन्द्र, जाल्पादेवी महिला समूह तथा आकस्मिक रक्तदान समूह पोखराले संयुक्त रुपमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।

पोखराको महेन्द्रपुलमा आयोजित बृहत रक्तदान कार्यक्रमको शुभारम्भ गर्दै नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले रेडियो सराङ्गकोटको अग्रसरता र विभिन्न सामाजिक संस्थाको सहकार्यमा भएको कार्यक्रमले आम जनसमुदायमा मानवीय संवेदनशीलताको भाव झल्काउने बताउनुभयो । पत्रकार र संस्थाले आफ्नो काम मात्र नगरी समग्र मानवीय हितको लागि काम गरेकोमा खुशि व्यक्त गर्नुभयो ।

पोखरामा देखिएको रगत अभावलाई केही हदसम्म भएपनि पूर्ति गर्नका निमित्त सृजना विकास केन्द्रले बुधबार गरेको रक्तदान कार्यक्रममा ६६ युनिट रगत संकलन भएको सृजना विकास केन्द्र पोखराका अध्यक्ष इन्द्रप्रसाद पौडेलले बताउनुभयो ।

कार्यक्रममा रक्त सञ्चार केन्द्र पोखराका प्रमुख अर्जुन प्रसाद ज्ञवालीले स्थानीय निकायको चुनावका कारण दिनहुजसो हुने रक्तदान नहुदा पोखरामा रगतको अभाव बढ्दै गएको समयमा रक्तदान कार्यक्रम आयोजना गरेकोमा धन्यवाद दिनुभयो ।

सृजना विकास केन्द्रका उपाध्यक्ष तथा रेडियोका कार्यकारी निर्देशक कृष्ण बहादुर थापाको सभापतित्वमा भएको कार्यक्रममा नागरिक समाज कास्कीका संयोजक इन्द्रकमल मानन्धर, जाल्पादेवी महिला समूहका अध्यक्ष राधिका थापा, सृजना विकास केन्द्रका पूर्व अध्यक्ष तथा सल्लाहकार गणेश बहादुर अधिकारी, सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्थाका पूर्व अध्यक्ष प्रेम बहादुर जिसि, आकस्मिक रक्तदान युनिट पोखराका संयोजक सुरेन्द्र श्रेष्ठ,सहसंयोजक नेत्र ढकाल, रेडियो सराङ्गकोटका निर्देशक तथा एक्सपर्ट एजुकेसन एण्ड भिषा सर्भिसेसका रमेश कुमार थापा, जितेन्द्रमान शाक्य, उपाध्यक्ष विरेन्द्र पराजुली वरिष्ठ प्रहरी नायव निरिक्षक राजेन्द्र पौडल, रेडियोका स्टेशन प्रमुख योगेन्द्र श्रेष्ठ लगायतले आ आफ्नो भनाई राख्नुभएको थियो ।

कार्यक्रममा रक्तदाताहरुलाई एक्सपर्ट भिषा सर्भिस र त्रिशक्ति इलेक्ट्रिकलको तर्फबाट मायाको चिनो प्रदान गरिएको थियो ।

# नगेन आर्ट एकेडेमीमा नेशनल फाईनआर्ट प्रदशनी सुरु

पोखरापत्र संवाददाता
पोखरा, ६ जेठ




नगेन आर्ट एकेडेमीको आयोजनामा नेशनल फाईनआर्ट प्रदशनीको आइतबार घामपानी मार्केट चिप्लेढुङ्गामा रहेको एकेडेमीकै हलमा सुरु भएको छ । प्रदशनी यहि जेठ १५ सम्म रहनेछ ।

प्रदशनीमा सात प्रदेशका १३ जिल्लाका ४९ जना कलाकारका ९९ कलाकृति रहेका छन् । पोखरा महानगर वडा नम्बर ४ का नव निर्वाचित वडाध्यक्ष देबकृष्ण पराजुलीले राजधानी बाहिर केहि गर्ने उद्धेश्यले खोलिएको नगेन आर्ट एकेडेमीको सफलताको कामना गर्दै पोखरामा कला विकासका कार्यहरु गर्ने साथै पोखरा महानगरका सामुदायिक विद्यालयहरुमा कला शिक्षालाई जोड दिने बताउनु भयो । उहाँले अभिभावकहरुले पनि आफ्नो बच्चाको इच्छा बुझेर शिक्षा प्रदान गर्नुपर्ने बताउदै कला विकासमा सधैं सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

नेपाल ललितकला एकेडेमीका प्राज्ञ तथा पुर्व सभासद् नगेन सिँहलेकलाकार राष्ट्रका गहना होइनन् अभिन्न अंगका रुपमा घोषणा गर्नुपर्ने माग राख्दै प्रत्येक सरकारी स्कुलमा कला शिक्षा, प्रत्येक नगरपालिका तथा गाँउपालिकामा कला विभाग हुनुपर्ने लगाएतका मागहरु राख्नु भयो । वरिष्ठ कलाकार पदम घलेले यस एकेडेमीले कला विकासमा सहयोग पुग्ने आशाँ व्यक्त गर्दै सरकारले कला शिक्षा अनिवार्य गर्नुपर्ने माग गर्नुभयो ।

प्रेस सेन्टरका केन्द्रिय सदस्य माधव पनेरुले पोखरा पर्यटकिय शहर भएकोले कलाको प्रवद्धन र विकास हुनु जरुरी रहेको बताउदै त्यसको लागि मिडीयाको तर्फबाट सधै सहयोग रहने बताउनु भयो ।

प्रेस सेन्टर पोखराका सयोंजक शिवराज बस्ताकोटिले आँफ्नो परिवारमा पनि कलाकारहरु भएकोले कला के हो बुझेको र कलाको विकास हुनु जरुरी रहेको बताउनु भयो । नगेनन्युज पब्लिकेशन प्रा. ली .का अध्यक्ष ज्योती हमालले राज्यले कला तथा कलाकारको सम्मान गर्न नसकेका कारण नेपालबाट कलाकार पलायन हुने अवस्था आएको र पोखरामा कलाको एकेडेमी खोलेर दक्ष कलाकार उत्पादन गर्ने उद्देश्यले नगेन आर्ट एकेडेमी सञ्चालनमा ल्याइएको बताउदै बिकसित देशहरुमा प्रत्येक वडामा आर्ट सेन्टर हुन्छ भन्छन् तर नेपालमा न त आर्ट सेन्टर छ न त आर्ट ग्यालरी नै नभएका कारण चित्रकला प्रदशनीमा नै समस्या भएको बताउदै अब नगेन आर्ट एकेडेमीले कलाकारले सिर्जना गरेको कला अब कहाँ प्रदशनी गर्ने भनेर भौतारिनु नपर्ने वातावरण सिर्जना गर्ने विश्वास व्यक्त गर्नु भयो ।

हमालले वडामा त के कुरा यँहा त महानगरमा पनि आर्टको, कलाको केहि छैन र चित्रकला , नाटक , गीतसंगित लगाएतका कलालाई उपेक्षा गरेर देश समाजको विकास हुन सक्दैन त्यसकारण कला सबैले बुझ्नु पर्ने बताउनु भयो ।

# मादीका कान्छा वडाध्यक्ष देवीजंगको योजना

पोखरापत्र संवाददाता
पोखरा, ६ जेठ



कास्कीको मादी गाउँपालिका, १ सिक्लेसका देवीजंग गुरुङ २०७४ सालमा वडाध्यक्षमा पराजित भए । त्यतिबेला उनी आफैलाई पढाएका शिक्षक सुरज गुरुङसँग १२६ मतले हारेका थिए ।

यसपटक १२ वडामध्ये सर्वाधिक १६५ मतान्तरले देवीजंग वडाध्यक्ष निर्वाचित भएका छन् । उनले नेकपा एमालेका उमरबहादुर गुरुङलाई हराएर वडाध्यक्ष बनेका हुन् । देवीजंगले ८ सय २८ मत पाउँदा उमरले ६ सय ६३ मत पाए । ३० वर्षीय देवीजंग मादीकै कान्छा वडाध्यक्ष हुन् ।

मादी १ नेकपा एमाले कास्की अध्यक्ष मनबहादुर गुरुङको वडा हो । २०५४ सालदेखि एमालेले जितेको ठाउँ यसपटक कांग्रेसले जितेको हो । एमालेको किल्ला मानिने वडा तोडेका देवीजंग कांग्रेस मादी गाउँपालिका कमिटी सचिव हुन् ।

वडाध्यक्ष देवीजंगले जनताको दैनिकीसँग जोडिएका विषय आफ्नो विशेष प्राथमिकता हुने बताए । पाँच वर्षमा पर्यटन विकासका योजना ल्याउने, यातायातको सहज व्यवस्था गर्ने उनले सुनाए । दलित समुदायका युवा-युवती आर्थिक अभावले बीचमै पढाइ छोड्ने गरेका छन् । देवीजंग उनीहरुलाई अध्ययनमा निरन्तर गराउन चाहन्छन् । 'दलित समुदायको जो उच्च शिक्षा ब्याच्लर पढ्न चाहन्छ । वडाबाट छात्रवृत्तिको व्यवस्था गर्छु,' उनले भने । सामाजिक सुरक्षा भत्ता वितरणलाई टोलस्तरमा पुऱ्याउने योजना देवीजंगले बनाएका छन् । सौंदा, खिलाङ, नयाँगाउँलगायत गाउँका बासिन्दा भत्ता लिन सिक्लेस जानुपर्छ । त्यो असुविधा हटाएर टोलटोलमा गएर भत्ता दिने व्यवस्था गर्ने देवीजंगको योजना छ । 'ठूलो योजना केही छैन । जनताको दैनिकी मुख्य जोड हो । भौगोलिक हिसाबले हाम्रो वडा ठूलो छ । टाढाबाट सिक्लेस नै आउनुपर्ने बाध्यता छ,' उनले आफ्नो योजना सुनाए, 'सामाजिक सुरक्षा बैंकसँग सहकार्य गरेर सबै गाउँका टोलटोलमा बाँड्ने योजना छ ।' प्रसिद्ध पर्यटकीय गाउँ सिक्लेसदेखि मनाङसम्म पदमार्ग विकास गर्न प्रयास गर्ने देवीजंगले सुनाए । 'सिक्लेसदेखि मनाङसम्मको पदमार्ग विकासको योजना छ,' उनले थपे, 'माछापुच्छ्रे गाउँपालिकासँग जोडिने टिइँ भन्ने ठाउँ छ । त्यहाँ जाने पदमार्गलाई प्रवर्द्धन गर्ने योजना छ । त्यहाँबाट ५/७ वटा हिमाल मज्जाले देख्न सकिन्छ ।' पछिल्लो तीन वर्षयता चर्चामा रहेको कपुचे हिमताल पनि यही वडामा पर्छ । सिक्लेसबाट कपुचे जान ८ घण्टा हिंड्नुपर्छ । हुगु भन्ने ठाउँ नपुग्दासम्म ६ घण्टाबीच बास बस्ने ठाउँ र टि सप छैन । पर्यटकलाई सहज हुने गरेर रुटको कुनै ठाउँमा बास बस्ने व्यवस्था मिलाउने देवीजंगको योजना छ ।

सिक्लेसदेखि कपुचेसम्म घोडा यात्रा गराउने योजना गाउँपालिका अध्यक्ष देवीजंग गुरुङले बनाएका छन् । 'कपुचेमा व्यवस्थित होटल छन् । अब त्यतिले पुग्दैन, त्यसैले बीचमा पनि केही पूर्वाधार बनाउनुपर्छ,' देवीजंगले थपे, 'सिक्लेसबाट कपुचे जान गाउँपालिकाले निश्चित शुल्क लिएर घोडा यात्रा गर्ने गाउँपालिका अध्यक्षको योजना छ । यो काम पनि हुन्छ ।' रेडियो अन्नपूर्ण, कास्की आवाज पत्रिकामा काम गरेको अनुभव देवीजंगसँग छ । देवीजंग नेपाल पत्रकार महासंघ, कास्कीको पूर्व कार्यसमिति सदस्य हुन् । उनी सिक्लेस युवा क्लबसहित गुरुङ समुदायसम्बद्ध संघसंस्थामा पनि आबद्ध छन् । कास्कीका यज्ञबहादुर थापा कानुनमन्त्री हुँदा उनले सचिवालयमा बसेर काम गरेका थिए ।

मादी १ मा कांग्रेसले प्यानलै जितेको छ । खुला सदस्यमा प्रेमबहादुर गुरुङ, खरजङ गुरुङ, महिला सदस्यमा माया भुजेल, दलित महिला सदस्यमा जितकुमारी सुनार निर्वाचित भएका छन् । गाउँपालिका अध्यक्षमा कांग्रेसकै देवीजंग गुरुङ र उपाध्यक्षमा एमालेकी कल्पना गुरुङ पाँच वर्षलाई निर्वाचित भएका छन् ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पहिला जोससँग हारे अहिले उसैलाई हराए

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ६ जेठ**

म्याग्दीको मालिका गाउँपालिकाको अध्यक्षमा २०७४ सालको स्थानीय तह निर्वाचनमा पराजित भएका नेकपा (एमाले) का बेगप्रसाद गर्बुजाले त्यतिबेलाकै प्रतिस्पर्धीलाई पराजित गर्नुभएको छ । निवर्तमान गाउँपालिका अध्यक्ष श्रीप्रसाद रोकालाई गर्बुजाले पराजित गर्नुभएको हो । विसं २०७४ मा रोकाले गर्बुजालाई ८५ मतले पराजीत गर्नुभएको थियो । यस पटकको निर्वाचनमा गर्बुजाले रोकालाई १२१ मतान्तरले हराउँदै जित हासिल गर्नुभएको हो । गर्बुजाले तीन हजार ९१, रोकाले दुई हजार ९७० र नेकपा (माओवादी केन्द्र) का रेशमबहादुर जुग्जालीले दुई हजार २२५ मत प्राप्त गर्नुभएको छ । तेह्र हजार २०१ मतदाता रहेको मालिकामा आठ हजार ८४५ मत खसेको थियो ।

कूल ६ स्थानीय तह र ४५ वडा रहेको म्याग्दीमा एमालेले २२ वडासहित चार स्थानीय तहमा प्रमुख, तीन स्थानीय तहमा उपप्रमुख, काँग्रेसले १७ वडासहित दुई स्थानीय तहमा प्रमुख र एउटामा उपप्रमुख तथा माओवादी केन्द्रले ६ वडासहित दुई स्थानीय तहमा उपप्रमुखमा जित हासिल गरेको छ ।

# हिमाल कलेजमा बिदाई कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ जेठ**

हिमाल कलेज अफ म्यानेजमेन्टमा बिदाई कार्यक्रम सम्पन्न भएको छ । कक्षा ११ का विद्यार्थीले १२ कक्षाका विद्यार्थीलाई बिदाई गरेका हुन् ।

कलेजका प्रमुख हरि कार्कीले कक्षा १२ पासआउट भएर जाने विद्यार्थीलाई कक्षा ११ का विद्यार्थीले बिदाई गरेको बताए । '१२ कक्षाको पढाई सकाएका विद्यार्थीहरुलाई ११ मा पढ्दै गरेका विद्यार्थीले बिदाई गरेका हुन् । कलेजका शिक्षकहरुसँग




हार्दिकता साटासाट गर्ने, विभिन्न सांस्कृतिक कार्यक्रम सहित बिदाई कार्यक्रम सम्पन्न भएको छ,' उनले भने ।

कार्कीले आगामी शैक्षिक भविष्यका लागि विद्यार्थीहरुलाई शुभकामना दिँदै कलेजबाट बिदाई भएर जाने विद्यार्थीहरुले कलेजको नाम थप उचो पार्नेमा विश्वास लिएको बताए ।

कार्यक्रममा इन्चार्ज मनिप्रसाद डुम्रे, एडिमन हेड दुर्गा गुरुङ, डिसिप्लिन इन्चार्ज चेतनाथ भण्डारी, कार्यक्रमको सञ्चालक अनि शिक्षक सुदनकुमार मुल्मीले १२ कक्षाका विद्यार्थीलाई शैक्षिक करिअरका लागि शुभकामना दिएका थिए ।

३ वर्षमा ४ सय विद्यार्थी उर्तिण भएको यस कलेजले २०७७ र ०७८ को टियु बिबिएसको रिजल्टमा गण्डकी प्रदेशकै उत्कृष्ट नतिजा ल्याएको थियो ।

# तनहुँका नौ पालिकामा कांग्रेस र एमाले चार/चार, एकमा माओवादी

**पोखरापत्र संवाददाता**
**दमौली, ६ जेठ**

तनहुँका आजसम्म गणना गरिएका नौ पालिकामध्ये नेपाली कांग्रेस र नेकपा (एमाले)ले चार/चार र नेकपा (माओवादी केन्द्र) एक स्थानमा विजयी भएका छन् । यहाँका दश पालिकामध्ये व्यास नगरपालिकामा भने मतगणना जारी छ ।

काँग्रेसबाट भानु नगरप्रमुखमा आनन्दराज त्रिपाठी र उपप्रमुखमा उमा गोतामे, शुक्लागण्डकी नगर प्रमुखमा कृष्णराज पण्डित, ऋषिङ गाउँपालिका अध्यक्षमा राजेन्द्रकृष्ण श्रेष्ठ, उपाध्यक्षमा गिनुमाया थापा, देवघाट गाउँपालिका अध्यक्षमा तिलबहादुर थापा विजयी हुनुभएको छ । बन्दीपुर गाउँपालिका उपाध्यक्षमा पञ्चमाया गुरुङ, म्याग्दे गाउँपालिका उपाध्यक्षमा बालकृष्ण घिमिरे विजयी हुनुभएको हो । एमालेबाट घिरिङ गाउँपालिका अध्यक्षमा होमबहादुर थापा, उपाध्यक्षमा राधादेवी अधिकारी, म्याग्दे गाउँपालिका अध्यक्षमा श्रीप्रसाद श्रेष्ठ, भिमाद नगर प्रमुखमा दधिराज सुवेदी, उपप्रमुखमा शारदा खनाल, बन्दीपुर गाउँपालिका अध्यक्षमा सुरेन्द्र थापाले जित हासिल गर्नुभएको छ। माओवादी केन्द्रबाट आँबुखैरेनी गाउँपालिका अध्यक्षमा शुक्र चुमान, उपाध्यक्षमा दुर्गा अर्याल, शुक्लागण्डकी नगर उपप्रमुखमा खुमबहादुर विक, देवघाट गाउँपालिका उपाध्यक्षमा भुवनसिं गुरुङ विजयी हुनुभएको छ ।

यसैबीच जिल्लाका ८५ वडामध्ये हालसम्म ७४ वडाको नतिजा सार्वजनिक भएको छ । त्यसमध्ये कांग्रेसले ३८ वडामा जित हासिल गरेको छ । एमालेले २६ र माओवादी केन्द्रले छ वडा जितेका छन् । स्वतन्त्रबाट चार जनाले वडाध्यक्षमा विजय हासिल गरेका हुन् । व्यास नगरका १४ मध्ये ११ वडाको नतिजा आउन बाँकी छ ।

# लमजुङका आठ स्थानीय तहमा कांग्रेस र एमालेका चार/चार विजयी

**पोखरापत्र संवाददाता**
**लमजुङ, ६ जेठ**

यहाँ रहेका आठ स्थानीय तहमध्ये चार/चार स्थानीय तहमा काँग्रेस र नेकपा (एमाले) विजयी भएका छन् ।

मुख्य निर्वाचन अधिकृत शिवप्रसाद खनालका अनुसार बेँसीशहर नगरपालिकासहित, क्व्होलासोथर, दोर्दी र मर्स्याङ्दी गाउँपालिकामा एमाले तथा मध्यनेपाल, राइनास, सुन्दरबजार नगरपालिका एवं दूधपोखरी गाउँपालिकामा काँग्रेसले प्रमुख पद जितेको छ । जिल्लामा काँग्रेस, नेकपा (माओवादी केन्द्र)लगायतको गठबन्धन रहेको थियो भने एमाले एक्लै चुनावमा होमिएको थियो ।

जिल्लाकै सदरमुकामसमेत रहेको र सबैको चासो रहेको बेँसीशहर नगरपालिकामा एमालेका गुमानसिंह अर्याल, क्व्होलासोथर गाउँपालिकामा सूर्य गुरुङ, दोर्दी गाउँपालिकामायुवराजअधिकारी र मर्स्याङ्दी गाउँपालिकामा अर्जुन गुरुङ निर्वाचित हुनुभएको छ । बेँसीशहरका अर्याल र मर्स्याङ्दीका गुरुङ पुनः दोहोरिन सफल हुनुभएको छ । त्यस्तै गठबन्धनतर्फ नेपाली काँग्रेसबाट सुन्दरबजार नगरपालिकामा कृष्णप्रसाद कोइराला, मध्यनेपाल नगरपालिकामा रमेशकुमार पाण्डे, राइनास नगरपालिकामा खड्काबहादुर गुरुङ र दूधपोखरी गाउँपालिकामा धनप्रसाद गुरुङ निर्वाचित हुनुभएको छ। उपप्रमुख तथा उपाध्यक्षतर्फ एमालेले पाँच तहमा जितेको छ भने, काँग्रेसले एक र माओवादी केन्द्रले दुई पालिकामा जितेको छ। एमालेका तर्फबाट उपप्रमुख पदमा बेँसीशहर नगरपालिमामा पद्मा गुरुङ, सुन्दरबजार नगरपालिकामा भवानी केसी, मध्यनेपाल नगरपालिकामा सीता गुरुङ, क्व्होलासोथर गाउँपालिकामा गमी गुरुङ र मर्स्याङ्दी गाउँपालिकामा जुनामाया थापा निर्वाचित हुनुभएको छ ।

माओवादी केन्द्रबाटे दूधपोखरी गाउँपालिकामा क्षेत्रबहादुर गुरुङ र राइनासमा नगरपालिकामा पुष्पराज खनाल निर्वाचित हुनुभएको छ भने काँग्रेसका विच्छबहादुर घले दोर्दी गाउँपालिकाको उपाध्यक्षमा निर्वाचित हुनुभयो ।

# बेनीको निर्वाचन परिणाम

**रासस**
**बेनी, ६ जेठ**

बेनी नगरपालिकाको प्रमुखमा नेकपा (एमाले)का सुरज केसी र उपप्रमुखमा नेकपा (माओवादी केन्द्र)की ज्योति लामिछाने विजयी हुनुभएको छ । प्रमुख केसीले सात हजार ६०३ मत र उपप्रमुख लामिछानेले सात हजार ४३ मत प्राप्त गरी विजयी हुनुभएको हो ।

प्रमुखका प्रतिस्पर्धी नेपाली काँग्रेसका उम्मेदवार चिरञ्जीवी शर्माले ६ हजार २०४ मत प्राप्त गर्नुभएको छ । त्यस्तै उपप्रमुखकी प्रतिस्पर्धी एमालेकी पशुपति शाहीले पाँच हजार ५०० मत प्राप्त गर्नुभएको छ । बेनीमा काँग्रेस र माओवादी केन्द्रले गठबन्धन गरेका थिए भने एमाले एक्लै चुनावी प्रतिस्पर्धामा थियो । म्याग्दीको मालिका गाउँपालिकाको अध्यक्षमा एमालेका बेगप्रसाद गर्बुजाले तीन हजार ९१ मत र उपाध्यक्षमा एमालेकै लक्ष्मीदेवी घर्ती पुनले तीन हजार १६७ मत ल्याएर विजयी हुनुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

अध्यक्षमा काँग्रेसका श्रीप्रसाद रोकाले दुई हजार ९७० र माओवादी केन्द्रका रेशमबहादुर जुग्जालीले दुई हजार २२५ मत पाउनुभयो । उपाध्यक्षमा काँग्रेसकी पीपला बुढाथोकीले तीन हजार १३९ मत प्राप्त गर्नुभएको थियो ।

मङ्गला गाउँपालिकाको अध्यक्षमा एमालेका सतप्रसाद रोका र उपाध्यक्षमा पेमा अधिकारी विजयी हुनुभएको छ। गाउँपालिकाको अध्यक्षमा निर्वाचित रोका कूल तीन हजार ९६८ मत प्राप्त गरी दोस्रो पटक अध्यक्षमा निर्वाचित हुनुभएको हो ।

अध्यक्षका प्रतिस्पर्धी काँग्रेसका वीरेन्द्र बुढाथोकीले दुई हजार ८०५ र नेकपा माओवादी केन्द्रका टेकबहादुर विकले एक हजार ५२१ मत प्राप्त गर्नुभएको छ ।

उपाध्यक्षमा विजयी हुनुभएकी अधिकारीले चार हजार २६१ मत ल्याउनुभएको छ । उपाध्यक्षमा प्रतिस्पर्धी काँग्रेसका शर्मिला थापाले दुई हजार ५९५ र नेकपा माओवादी केन्द्रका सुकमाया रोकाले एक हजार ३७३ मत प्राप्त गर्नुभएको छ । मङ्गलामा एमालेले तीनवटा वडा, माओवादी केन्द्र र काँग्रेसले एक/एकवटा वडा जितेका छन् । धवलागिरि गाउँपालिकाको अध्यक्षमा नेपाली काँग्रेस र उपाध्यक्षमा माओवादी केन्द्रका उम्मेदवार विजयी भएका छन्। धवलागिरिमा नेपाली काँग्रेस र माओवादी केन्द्रले तालमेल गरेर निर्वाचन लडेका थिए । मतपरिणामअनुसार अध्यक्षमा काँग्रेसका प्रेमप्रसाद पुनले तीन हजार १२३ र उपाध्यक्षमा माओवादीका रेशम पुनले दुई हजार ८१२ मत पाएर निर्वाचित हुनुभएको छ ।

अध्यक्षका प्रतिस्पर्धी नेकपा एमालेकी उम्मेदवार थमसरा पुनले दुई हजार ५४८ र उपाध्यक्षमा एमालेकै प्रगति कार्कीले दुई हजार ६१८ मत पाउनुभएको निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ। सातवटा वडा रहेको धवलागिरि गाउँपालिकामा नेपाली काँग्रेसले दुई, एमालेले तीन र माओवादी केन्द्रले दुईवटा वडामा अध्यक्ष जितेका छन् । म्याग्दीको रघुगङ्गा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा नेपाली काँग्रेसका उम्मेदवार विजयी भएका छन् । काँग्रेसका भववहादुर भण्डारीले चार हजार ३८ मत ल्याएर गाउँपालिका अध्यक्ष र उपाध्यक्षमा काँग्रेसकै प्रेमकुमारी पुनले तीन हजार ३६४ मत ल्याएर निर्वाचित हुनुभएको सहायक निर्वाचन अधिकृत अमृत सुवेदीले जानकारी दिनुभयो । भण्डारी दोस्रो कार्यकालका लागि गाउँपालिका अध्यक्षमा निर्वाचित हुनुभएको हो ।

अध्यक्षमा एमालेका प्रेमबहादुर कार्कीले तीन हजार २७९, माओवादी केन्द्रकी मीना विकले ९९५, उपाध्यक्षमा एमालेकी यामकुमारी गर्बुजाले तीन हजार २४५ र माओवादी केन्द्रका रिमबहादुर कटुवालले एक हजार ७८३ मत प्राप्त गर्नुभएको थियो ।

आठवटा वडा रहेको रघुगङ्गाको पाँच वटा वडा काँग्रेस र तीनवटा वडामा एमालेका उम्मेदवार प्यानलसहित विजयी भएका छन् । अन्नपूर्ण गाउँपालिकामा एमाले विजयी भएको छ । गाउँपालिका अध्यक्ष पदमा नेकपा एमालेका उम्मेदवार भरत पुनले चार हजार ५८ मत र उपाध्यक्षका उम्मेदवार दिवा पुनले चार हजार १५ मत ल्याएर विजयी हुनुभएको हो । अध्यक्षका प्रत्याशी काँग्रेसका बलबहादुर तिलिजाले तीन हजार ३१७ मत र उपाध्यक्षका प्रत्याशी काँग्रेसका ललिता तिलिजाले तीन हजार ३५८ मत प्राप्त गर्नुभएको छ ।

आठवटा वडा रहेको अन्नपूर्णमा एमालेले पाँचवटा वडासहित गाउँपालिका प्रमुख र उपप्रमुखमा विजयी हासिल गर्दा काँग्रेसले तीनवटा वडामा विजयी भएको छ । अघिल्लो निर्वाचनमा अन्नपूर्णमा नेपाली काँग्रेसले अध्यक्ष र उपाध्यक्षमा जीत हासिल गरेको थियो ।

# अर्थतन्त्रमा सङ्कट छ भनेर राजनीतिकरण नगरौँ : अर्थमन्त्री

**रासस**
**काठमाडौँ, ६ जेठ**

अर्थमन्त्री जनार्दन शर्माले अर्थतन्त्रको सबलीकरण गर्ने तथा देशभित्रै उत्पादन हुन सक्ने कृषि उपजको अत्याधिक आयातलाई नियन्त्रण गर्ने विषयलाई सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ ।

कोरोना कहर, बेसौमसी वर्षा र रुस तथा युक्रेनको सङ्घर्षका कारण मूल्य श्रृखलामा परेको प्रभावका कारण मुलुकका आर्थिक चाप र दवाव परेको भए पनि त्यसलाई सामान्यीकरण गरेर अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

आगामी आवको विनियोजन विधेयकका प्राथमिकता र सिद्धान्तबारे सांसदले उठाउनुभएको जिज्ञासाको जवाफ दिँदै अर्थमन्त्रीले अर्थतन्त्र समस्यामा पऱ्यो भनेर तयसलाई राजनीतिकरण गर्नुभन्दा पनि समाधानका लागि पहल गर्नुपर्ने बताउनुभयो । विभिन्न चुनौतीका बीचमा देशको आर्थिक वृद्धि छ प्रतिशतको हाराहारीमा हुने भनेर केन्द्रीय तथ्याङ्क विभागले विवरण सार्वजनिक गरेको तथ्य पेश गर्दै उहाँले सामान्य अवस्था रहेको भए तीव्र गतिको वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो ।

मुद्रास्फिती ६.५ मा राख्ने लक्ष्य भए पनि केही वृद्धि भएको विवरण उल्लेख गर्दै उहाँले रु १६ खर्ब पाँच अर्ब बराबरको आयात र एक खर्ब ७३ अर्ब बराबरको निर्यात भएको बताउनुभयो । व्यापार घाटा रु १४ खर्ब ३१ अर्ब, विदेशी विनिमय सञ्चितीमा केही कमी आएको उल्लेख गर्नुभयो । नौ खर्ब नौ अर्ब बराबरको सरकारको खर्च हुँदा पूँजीगत खर्च वृद्धि हुन नसकेको तथा राजस्व लक्ष्यको कूल ७७ प्रतिशत बराबर सङ्कलन भएको अर्थमन्त्रीले सदनलाई जानकारी दिनुभयो । उहाँले विगतको सरकारले बनाएको बजेट नै वर्तमान सरकारले कार्यान्वयन गरिरहेको जानकारी दिँदै रु २४ लाख बराबरको बजेटमा ५० किलोमिटर सडक बनाउने योजना भने तत्कालका लागि स्थगित भएको बताउनुभयो । ठेक्का पट्टा गरिएका सडक अगाडि बढेको उल्लेख गर्दै अर्थमन्त्री शर्माले स्रोत नभएका आयोजना फेरी पनि राख्ने कि स्रोत व्यवस्थापन गरेर गुणात्मक तवरले काम गर्ने विषय नै अहिलेको आवश्यकता भएको स्पष्ट पार्नुभयो । नेपाली जनताले विकसित गरेको मौलिक सिद्धान्तअनुसार नै आफूले बजेटको प्राथमिकता र सिद्धान्त तय गरेको उल्लेख गर्नुभयो। नेपाली जनताको आजको आवश्यकता के हो भन्ने बारेमा आफू जानकार रहेको कर्णाली, मधेश, सुदूरपश्चिम प्रदेशलगायत देशभरका गरिब उत्पिडित वर्गको आकांक्षालाई सम्बोधन गर्न खोजिएको उल्लेख गर्नुभयो । समावेशी, सामाजिक न्यायको पक्षधरतालाई जोड दिइएको भन्दै उहाँले कृषिलाई प्राथमिकता दिइएको र त्यसको बहुआयामिक अर्थ रहेको बताउनुभयो । कृषि, रोजगारी, गरिबीलाई छुट्टाछुट्टै प्राथमिकता दिँदा त्यसबाट नतिजा ननिस्कने भएकाले सबैलाई एकै स्थानमा राखेर विशेष जोड दिइएको अर्थमन्त्रीको कथन छ । श्रम बजारमा आउने नयाँ व्यक्ति तथा बेरोजगारसमेतलाई सम्बोधन गर्ने गरी कृषिका आधारित स्वदेशी उद्योगको विकासमा बजेटले विशेषरूपमा सम्बोधन गर्न खोजिएको स्पष्ट पार्नुभयो । गरिबी अन्त्यका लागि सदनको मतैक्य रहने हो भने एकाध वर्षमा सम्बोधन गर्न सकिने स्पष्ट पार्दै अर्थमन्त्रीले बाजुराका पछाडि पारिएका जनता, रौतटहको मुसहरबस्ती र गोरखाको उत्तरी भेगका मानिसलाई हेरेर बजेटको प्राथमिकता र सिद्धान्त तय गरेको जानकारी दिनुभयो ।

ग्रामीण पूर्वाधार तथा अर्थतन्त्र तथा शिक्षा, स्वास्थ्यलगायत विषयलाई महत्वका साथ अगाडि बढाउन खोजिएको अर्थमन्त्रीको भनाइ छ। राष्ट्रिय गौरवका आयोजना प्रभावकारीरूपमा अगाडि बढ्न नसक्नुको पछाडि आवश्यक तयारी, जनशक्ति र त्यस खालको प्रविधि उपलब्ध हुन नसक्दा कार्यान्वयनमा समस्या पैदा भएको तथ्य पेश गर्नुभयो । आगामी आवको बजेटमा राष्ट्रिय गौरवका आयोजनामा देखिएका समस्या समाधान गर्नेतर्फ आफू अग्रसर रहेको सदनलाई जानकारी दिनुभयो ।

पूँजीगत खर्च बढ्न नस्क्नुको पछाडि संरचनागत कमजोरी रहेको र केही कानुनमा रहेको समस्यालाई समाधान गरिने दृढता व्यक्त गर्नुभयो । प्रशासनिक क्षेत्रमा बढी र प्राविधिक जनशक्तिको अभाव हुँदा पूँजीगत खर्च हुन नसकेको अर्थमन्त्रीको भनाइ छ । उहाँले ठूला आयोजनामा जनसहभागिता बढाउन सकिए समयमै सम्पन्न हुन सक्ने र त्यसमा सबैको साथ तथा सहयोग जरुरी रहेको बताउनुभयो । वर्तमान सरकारको सोचअनुसार परियोजनामा आधारित ऋण लिने परिपाटीको विकास गर्न खोजिएको र त्यसबाट नागरिकको टाउकोमा थप भार नपर्ने स्पष्ट पार्नुभयो । किसानलाई प्राथमिकता दिएर कृषिका आधारित उद्योग स्थापना, परम्परागत सीप, स्टार्टअप एवम नयाँ खोज र सोचलाई अगाडि बढाउन खोजिएको अर्थमन्त्रीको भनाइ छ । अर्थतन्त्रमा सङ्कट छ भनेर सचेत हुनु आवश्यक भए पनि यसलाई राजनीतिकरण गर्नुले कोही कसैलाई फाइदा नहुने अर्थमन्त्रीको भनाइ छ । उहाँले सबै सांसदको सुझावलाई आफूले आत्मसात गरेर अगाडि बढ्ने विश्वाससमेत दिलाउनुभयो ।

# गोरखाको चुमनुब्रीमा माओवादी केन्द्र विजयी

**पोखरापत्र संवाददाता**
**गोरखा, ६ जेठ**

गोरखाको चुमनुब्री गाउँपालिकामा नेकपा (माओवादी केन्द्र) विजयी भएको छ ।

अध्यक्षमा निमा लामा नेपाली काँग्रेसका धनबहादुर गुरुङलाई पराजित गर्दै विजयी हुनुभएको हो । लामाले एक हजार ६२४ मत प्राप्त गर्नुभएको सहायक निर्वाचन अधिकृत भीमसेन श्रेष्ठले जानकारी दिनुभयो । काँग्रेसका गुरुङले एक हजार ३११ मत प्राप्त गर्नुभयो ।

लामाले गुरुङले भन्दा ३१३ बढी मत प्राप्त गर्नुभयो । विसं २०७४ को स्थानीय तह निर्वाचनमा गुरुङसँग लामा पराजित हुनुभएको थियो ।

गोरखामा ११ स्थानीय तहमध्ये माओवादी केन्द्रले नौ तहमा जित हासिल गरेको छ भने काँग्रेसले दुई तहमा जितेको छ ।